**नौकुण्ड गाउँपालिका**

# गाउँ कार्यपालिकाको कार्यालय

**सरमथली, रसुवा**

**३ नं प्रदेश नेपाल ।**

## करार सेवामा कर्मचारी पदपुर्ति गर्ने सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७५।०६।०५**

यस गाँउपालिका भित्र संचालन हुने विभिन्न योजना कार्यान्वियन,अनुगमन,मूल्याकंन कार्य गर्नका लागी दक्ष प्राविधिकको आवश्यक्ता रहेकोले भएका योजना सम्वन्धी कार्य गर्नका लागी तपशिल बमोजिमका शर्तका अधिनमा रही सिभिल ईन्जिनियर पद सेवा करार माध्यम द्वारा पदपुर्ति गर्नुपर्ने भएकोले ईच्छुक योग्यता पुगेका नेपाली नागरीकहरुका लागी १५ दिन भित्र लोक सेवा आयोग द्वारा स्विकृत दरखास्त फारामको ढाँचामा दरखास्त दिनुहुन यो सुचना प्रकाशन गरिएको छ ।

**तपशिल**

| क्र.सं. | विज्ञापन नं. | पद | संस्था | दरखास्त दस्तुर |
|---|---|---|---|---|
| १ | ०२।०७४।७५ | सिभिल ईन्जिनियर (Civil Engineer) | १ (एक) | रु.१०००-। (एक हजार मात्र) |

१. **आवश्क न्युनतम शैक्षिक योग्यता :-** लोक सेवा आयोगद्वारा Civil Engineer को लागि तोकेको योग्यताअनुसार मान्यता प्राप्त शिक्षण संस्थाबाट BE In Civil Engineering मा स्नातक गरेको ।

२. **उमेर :-** २१ वर्ष पुरा भै ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्गको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ ।

३. **सेवा सुविधा :-** नेपाल सरकारले तय गरेको नियमानुसार ।

४. **सेवा अवधि :-** नेपाल सरकारबाट सो पदमा स्थायी पदपुर्ति भई नआएमा २०७६ असार मसान्तसम्म ।

५. **काम गर्नु पर्ने क्षेत्र :-** यस गाँउपालिका क्षेत्रभित्र ।

६. **दरखास्त दस्तुर :-** यस गाँउपालिका वा गाँउपालिकाको संचित कोष खाता नं. ११६००९०५७४९४२०१ जनता बैंक , पारच्याङ शाखामा जम्मा गरेको रु.१०००/- (एक हजार) को भौचर भरी गाँउपालिकामा दरखास्त बुझाउन सकिने छ ।

७. **दरखास्त साथ पेश गर्नु पर्ने कागजातहरु :-** शैक्षिक योग्यता र नेपाली नागरिकताको प्रतिलिपि,काउन्सील दर्ता प्रमाण पत्र कार्य अनुभव भएमा सो को र विदेशी विश्वविद्यालयको शैक्षिक योग्यता हासिल गरेको भए त्रि.वि.ले समकक्षता निर्धारण गरेको पत्र आदी ।

८. **सम्पर्क मिति :-** दरखास्त दिने अन्तिम मितिको भोलीपल्ट कार्यालय खुलेको दिन ।

९. **छनौट र नियुक्ति :-** योग्यता र सम्बन्धित कार्य परीक्षणबाट छनौट भएको उमेदवार र गाँउपालिका बिच करार सम्झौता पछि पदपुर्ती गरी कार्यदेश दिन सकिने छ ।

१०. करारमा नियुक्ति गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस गाँउपालिकामा निहित रहने छ ।

२०७५।०६।०५

प्रमुख प्रशासकिय अधिकृत